# चौतारा साँगाचोकगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चौतारा, सिन्धुपाल्चोक
## ३ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

### आन्तरिक आय तर्फको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७५/०३/२५**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ घ (१) घ(२) र घ(६) समेतमा भएको व्यवस्था, नगरपालिकाको आन्तरिक आय संकलन कार्यविधी २०७५, प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन, ३ नं. प्रदेश सरकारको प्रदेश आर्थिक ऐन, २०७५ को दफा ८ (१) र सो सँग सम्बन्धित अनुसूची-५ मा भएको व्यवस्था तथा चौतारा साँगाचोकगढी नगरकार्यपालिकाको मिति २०७५।०३।२३ को निर्णयानुसार देहायका शिर्षकहरुमा कर तथा शुल्क असुली सम्बन्धी काम आ.व. २०७५/७६ को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पूरा गरेका इच्छुक फर्महरुले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ। अन्य थप जानकारीका लागि कार्यालय समयभित्र चौतारा सांगाचोकगढी नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

**ठेक्का विवरण**

| आय ठेक्का नं. | ठेक्काको विवरण | आ.व. ०७५/७६ को लागि निर्धारण ढुंङ्गा , गिटी, बालुवा, स्लेट, ग्राभेल र रोडा आन्तरीक विक्री एवं घाटगद्दि ( स्वीकृत खानी क्षेत्र बाहेक) परिमाण (घनफिटमा) | आ.व. ०७५/७६ को लागि निर्धारण ढुंङ्गा , गिटी, बालुवा,स्लेट, ग्राभेल र रोडा जिल्ला बाहिर निकासी परिमाण (घनफिटमा) | ढुंङ्गा, गिट्टी, बालुवा, स्लेट, ग्राभेल र रोडा आन्तरीक विक्री एवं घाटगद्दि(स्वीकृत खानी क्षेत्र बाहेक) शुल्क प्रति घनफिट रु. | | ढुंङ्गा , गिट्टी, बालुवा,स्लेट, ग्राभेल र रोडा जिल्ला बाहिर निकासी शुल्क प्रति घनफिट रु. | | ढुंङ्गा, गिट्टी, बालुवा, स्लेट, ग्राभेल र रोडा आन्तरीक विक्री एवं घाटगद्दि (स्वीकृत खानी क्षेत्र बाहेक)को संकलन शुल्क रु २ र निकासी शुल्क रु ४ गरी जम्मा प्रति घन फिट रु ६ का दरले हुने न्यूनतम अंङ्क | ढुंङ्गा, गिट्टी, बालुवा, स्लेट, ग्राभेल र रोडा जिल्ला बाहिर निकासी करको संकलन शुल्क रु ३ र निकासी शुल्क रु ६ गरी जम्मा प्रति घन फिट रु ९ का दरले हुने न्यूनतम अंङ्क | कूल न्यूनतम अंङ्क (कर तथा भ्याट बाहेक) | बोलपत्र दरभाउपत्र दस्तुर | धरौटी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संकलन शुल्क | निकासी शुल्क | संकलन शुल्क | निकासी शुल्क | | | | | |
| १/२०७५/७६ | इन्द्रावती नदीको वनदेउको ५९ कि.मी. देखि भ्याडी खोला सम्मको क्षेत्रमा ढुंङ्गा, गिटी, बालुवा, स्लेट, ग्राभेल र रोडा आन्तरीक विक्री एवं घाटगद्दि( स्वीकृत खानी क्षेत्र बाहेक) र जिल्ला बाहिर निकासी कर | १,३१,००,०००।- (एक करोड एकतिस लाख) | १,१५,००,०००।- (एक करोड पन्ध लाख) | २।- | ४।- | ३।- | ६।- | ७८,६००,०००। (रू.सात करोड छयासी लाख) | १०३,५००,०००। (रू.दस करोड पैतिस लाख ) | १८२,१००,०००। (रू.अठार करोड एक्काइस लाख) | १०,०००।- (दस हजार) | कूल कबोल अङ्कको ५% |
| २/२०७५/७६ | सुनकोशी नदी साँगाचोकको सिम्ले देखी बलेफी सम्म ढुंङ्गा, गिटी, बालुवा, स्लेट, ग्राभेल र रोडा आन्तरीक विक्री एवं घाटगद्दि (स्वीकृत खानी क्षेत्र बाहेक) र जिल्ला बाहिर निकासी कर | ७७,१४,५००।- (सत्तहत्तर लाख चौध हजार पाँच सय ) | ५४,४२,८००।- (चौवन्न लाख वयालिस हजार आठ सय) | २।- | ४।- | ३।- | ६।- | ४६,२८७,०००।- (रू.चार करोड बैसट्ठी लाख सतासी हजार) | ४८,९८५,२००।- (चार करोड उनान्नब्बे लाख पचासी हजार दुई सय) | ९५,२७२,२००।- (रू.नौ करोड बाउन्न लाख बहत्तर हजार दुईसय) | ५,०००।- (पाँच हजार) | |

**ठेक्का सम्बन्धी शर्तहरु :-**

१. माथि उल्लेखित ठेक्काहरुको बोलपत्रभर्दा आन्तरीक विक्री एवं घाटगद्दि (स्वीकृत खानी क्षेत्र बाहेक) को शुल्क र जिल्ला बाहिर निकासी करको शुल्कको छुट्टाछुट्टै कबोल अंङ्क उल्लेख गरी कूल अंङ्क समेत उल्लेख गर्नुपर्नेछ। साथै उक्त आय ठेक्काहरुमा आन्तरीक विक्री एवं घाटगद्दि (स्वीकृत खानी क्षेत्र बाहेक)को शुल्क र जिल्ला बाहिर निकासी करको शुल्कमा जुन कबोल अंङ्क बढी हुन्छ सो कबोल कर्ताको बोलपत्र (आन्तरीक विक्री एवं घाटगद्दि (स्वीकृत खानी क्षेत्र बाहेक)को छुट्टै र जिल्ला बाहिर निकासी करको शुल्कको छुट्टै ) तालिका वनाई बढी अङ्क कबोल गर्नेको आंशिक रुपमा मात्र पनि बोलपत्र स्वकृित गर्न सकिनेछ। कबोल रकम अंङ्क र अक्षर दुवैमा खुलाउनुपर्नेछ। अंङ्क र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिईनेछ।
२. ठेक्का अवधि यस चौ.सा.गढी नगरपालिकासंग ठेक्का सम्झौता भएको मिति देखि २०७६ साल आषाढ मसान्त सम्म रहनेछ। तर ठेक्कामा माल समानको परिमाण यकिन भएको र परिमाण अनुसार कै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रकृया पूरा गरी उक्त परिमाण सो भन्दा कम अवधिमा पनि विक्री निकासी गर्न सकिने छ, साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हडताल आदिका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षति पूर्ति दावी गर्न पाईने छैन। प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनले निषेध गरेको अवधिमा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाइने छैन तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री विक्री तथा निकासी गर्न सकिनेछ।
३. माथि उल्लेखित सबै ठेक्काहरु कबोल अंङ्कको थप मूल्य अभिवृद्धि कर(१३ प्रतिशत) राजस्व ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ।
४. धरौटी बापत कबोल गरेको अंङ्कको ५ प्रतिशत रकम यस कार्यालयको ने.बै.लि. चौतारा स्थित बैक धरौटी खाता नं. **०५७०३०००००००००००३८७** मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको वाणिज्य बैंकको जमानत (विड बण्डको सक्कल प्रति) बोलपत्रसाथ संलग्न गरी पेश गर्नुपर्नेछ। धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ।
५. प्रचलित ऐन बमोजिम कबोल गरेको रकम एकमुष्ठ अग्रिम रुपमा बुझाएमा ५ प्रतिशत सम्म रकम छुट दिन सकिनेछ। तर नियमानुसार लाग्ने मू.अ.कर प्रयोजनको लागि भने छुट दिइने छैन। बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम यस कार्यालयको ने.बै.लि., चौतारा शाखामा रहेको मूल खाता नं. **०५७०३००००००००४००१००३** मा दाखिला गर्नुपर्नेछ।
६. कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
७. बोलपत्र दिंदा कुनै किसिमको शर्त मान्य हुने छैन। साथै रित नपुगी आएको बोलपत्रउपर कुनै कारवाही हुनेछैन।
८. ठेक्कामा कुनै विवाद भएमा चौतारा साँगाचोकगढी नगरपालिकाको निर्णय अन्तिम हुनेछ।
९. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको ३० औं दिन सम्म कार्यालय समय भित्र बोलपत्र खरिद गरि ३१ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा शिलबन्दी बोलपत्र बुझाउनु पर्नेछ। साथै उक्त सूचना चौतारा साँगाचोकगढी नगरपालिकाको वेभ साइट chautarasangachowkgadhimun.gov.np वा www.chautaramun.gov.np मा राखिएको छ र बोलपत्र फाराम PPMO को वेभ साइट http://www.bolpatra.gov.np बाट E- Bidding मार्फत समेत पेश गर्न सकिनेछ। प्राप्त बोलपत्रहरु सोही दिन दिनको १:०० बजे चौतारा साँगाचोकगढी नगरपालिकाको कार्यालयमा खोलिनेछ ।
१०. बोलपत्र फारामहरु खरिद गर्ने, दाखिला गर्ने, खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमश सोको भोलिपल्ट सोही समयमा खरिद, दर्ता तथा खोल्ने कार्य गरिनेछ।
११. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तहरुका प्रत्येक बुँदाहरु यसै सूचनाका शर्त सरह लागु हुनेछ।
१२. यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पूरा नभएका बोलपत्रहरु मूल्यांकनमा समावेश गरिने छैन।
१३. अन्य कुराहरु यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको सूचना तथा अन्य प्रचलित ऐन कानून बमोजिम हुनेछ।

**आय ठेक्का सम्बन्धी अन्य शर्तहरु**

१. बुँदा नं. ५ बमोजिम एकमुष्ठ रकम नबुझाएमा कूल कबोल अंङ्क मध्ये पहिलो किस्तामा बुझाउनुपर्ने रकम बाहेक बाँकी रकमको ठेक्का अवनधिमा १ महिना थप भएको सम्मका चौतारा सांगाचोक गढी नगरपालिका कार्यालयले तोकेको निर्धारित ढाँचामा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गका वाणिज्य बैंकको जमानत (परफरमेन्स वण्ड) पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरी चलान पूर्जि दिइनेछ ।

२. आय रकमको भुक्तानी तालिक देहाय अनुसार हुनेछ ।

| किस्ता | किस्ता बुझाउँनुपर्ने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | ठेक्का स्वीकृत भएको मितिले ७ दिन भित्र | कबोल अंङ्कको २५ प्रतिशतले हुन आउँने रकम। |
| दोश्रो | २०७५ साल पौष मसान्त भित्र | कबोल अंङ्कको ४० प्रतिशतले हुन आउँने रकम |
| तेश्रो | २०७६ जेठ मसान्तसम्म | कबोल अंङ्कको बाँकी ३५ प्रतिशत रकम |

३. ठेक्का कबोल गर्ने ठेकेदारले चौतारा सांगाचोक गढी न.पा.ले तोकेको कर उठाउँदा प्रयोग गर्ने बिक्री तथा निकासी तर्फका रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छुट्टाछुट्टै छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट शुल्क उठाएको नपाइएमा नियमानुसार कारवाही गरिनेछ ।

४. माथि शर्त नं. ३ मा उल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम बिक्री तथा निकासी आय खातामा मू.अ.करको हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरी खाता र रसिद अर्ध वार्षिक रुपमा यस न.पा. बुझाउँनुपर्नेछ ।

५. ठेकेदारले उठाउने कर शुल्क कार्यालयद्वारा तोकिएको संकलन केन्द्रमानै उठाउनु पर्नेछ साथै दररेट सहितको साइनबोर्ड सबैले देख्ने गरी सम्बन्धित केन्द्रमा राखिएको हुनुपर्नेछ ।

६. ठेक्कामा कुनै विवाद भएमा नगरपालिकाको कार्यालयको निर्णय अन्तिम हुनेछ ।

७. न.पा.लाई बुझाउँनु पर्ने बाँकी बक्यौता भएको वा कालो सुचिमा परेको व्यक्ति/फर्मको बोलपत्र स्वीकृत गरिनेछैन ।

८. प्रत्येक ठेक्काको छुट्टाछुट्टै खाममा बोलपत्र शिलबन्दी गरी पेश गर्नुपर्नेछ ।

९. ढुङ्गा, गिटी, वालुवा, ग्राभेल, रोडा, रातोमाटो, आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थानमा वसी संकलन गर्न पाईने छैन ।

१०. जमानी वापत बोलपत्रमा आफूले भरेको रकम अङ्क र अक्षरमा स्पष्ट उल्लेख भएको हुनु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

११. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ । अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ । सो मा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउनेछैन ।

१२. कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन ।

१३. यस नगरपालिकाको विकास निर्माण कार्यक्रम संचालन गर्ने क्रममा चौतारा न.पा.ले स्वयम् वा अमानतमा सवारी साधन मार्फत वर्ष दिन भरी प्रयोग गरेको ढुङ्गा, गिटी वालुवा, ग्राभेल, रोडा, रातोमाटो, आदि र विदेशी दातृ निकाय संग भएको कर छुट सम्बन्धी सम्झौता भई संचालन हुने आयोजनामा ठेकेदारले कुनै कर लिन पाउने छैन ।

१४. प्रचलित ऐन, नियम, कानुन, सम्झौता र सूचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१५. यस नगरपालिका भित्रका नदी, नालाबाट ढुंगा, गिट्टी, वालुवा, निकाली बिक्री तथा निकासी गर्ने क्रममा नगरपालिका भित्रका पक्कीपूलको तल १००० मिटर क्षेत्रबाट निर्माण सामाग्री उत्खनन् गरी बिक्री तथा निकासी गर्न कानूनले पूर्णरुपमा प्रतिवन्ध लगाएको हुँदा कर संकलकले सो कुरालाई पूर्णरुपमा ध्यान दिनु पर्नेछ । ढुंगा, गिट्टी, वालुवा उत्खनन तथा संकलन गर्दा स्वीकृत भएको IEE प्रतिवेदनले नक्सांकन गरेको क्षेत्रमा तोकिएको परिमाण उत्खनन गर्न पाईनेछ ।

१६. प्रमुख प्रशासकीय अधिकृत वा अख्तियार प्राप्त अधिकृतबाट प्रमाणित भएको बोलपत्रलाई मात्र मान्यता दिइनेछ ।

१७. यस कार्यालयमा पेश हुन आएका बोलपत्र बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभएपनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ ।

१८. बोलपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीको व्यवसायिक नविकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर , मु.अ.कर प्रमाणपत्रको प्रतिलिपी र कर चुक्ता प्रमाणपत्र प्रतिलिपी संलग्न राखी पेश गर्नु पर्नेछ ।

१९. बोलपत्र फारम नियमानुसारको राजस्व रकम तिरी चौतारा साँगाचोकगढी नगर कार्यपालिकाको कार्यालय,चौतारा सिन्धुपाल्चोकबाट वा PPMO को वेभसाइट मार्फत डाउनलोड गरि पेश गर्न सकिनेछ ।

२०. ढुंगा,गिट्टी,वालुवा रोडा आदिको संकलन,उत्खनन तथा निकासीका सम्बन्धमा जिल्ला स्तरीय र नगरस्तरीय अनुगमन समितिले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ ।

२१. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ ।

२२. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत